# दुल्लू नगरपालिका
# स्थानीय राजपत्र

| खण्ड : ६ | संख्या : ६ | २०७९ साल पौष २९ गते |
|---|---|---|


## भाग : १

दुल्लू नगरपालिका, नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## दुल्लू खानेपानी व्यवस्थापन बोर्ड (गठन, संचालन र व्यवस्थापन) ऐन, २०७९

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ध) मा भएको व्यवस्थाको पूर्ण कार्यान्वयन मार्फत दुल्लू नगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई नगरपालिका क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउने उचित र प्रभावकारी व्यवस्था गर्नको लागि खानेपानी व्यवस्थापन बोर्डको गठन, संचालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले प्रदान गरेको अधिकार प्रयोग गरी दुल्लू नगरपालिकाको वाह्रौं नगरसभाले यो ऐन बनाएको छ।

### परिच्छेद : १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम "दुल्लू खानेपानी व्यवस्थापन बोर्ड (गठन, संचालन र व्यवस्थापन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई दुल्लू नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "उपभोक्ता" नगरपालिका क्षेत्रमा सञ्चालिन विभिन्न खानेपानी तथा सरसफाई आयोजनाबाट प्रत्यक्ष सेवा प्राप्त गरिरहेका नगरपालिका भित्रका घरधुरीहरु सम्झनु पर्दछ।

(ख) "उपभोक्ता समिति" भन्नाले नगरपालिकाको प्रचलित कानून बमोजिम नगरपालिकामा दर्ता भई बोर्डले तोकेको प्रक्रिया पुरा गरी बोर्डमा आवद्ध भएका खानेपानी तथा सरसफाई समिति सम्झनु पर्दछ।

(ग) "ऐन" भन्नाले दुल्लू खानेपानी व्यवस्थापन बोर्ड (गठन, संचालन र व्यवस्थापन) ऐन, २०७९ सम्झनु पर्दछ।

(घ) “कार्यपालिका” भन्नाले दुल्लू नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

(ङ) “गैर सरकारी संस्था” भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था सम्झनु पर्दछ।

(च) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनाईएका नियमावली, विनियम तथा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ। सो शव्दले कार्यपालिकाले विभिन्न समयमा निर्णय गरी तोकेको विषयहरुलाई समेत जनाउने छ।

(छ) “नगरपालिका” भन्नाले दुल्लू नगरपालिकालाई सम्झनु पर्दछ।

(ज) “नगर सभा” भन्नाले दुल्लू नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(झ) “प्रमुख” भन्नाले दुल्लू नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ।

(ञ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम दुल्लू नगरपालिकामा खटिएको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ। सो शव्दले आर्थिक अधिकार प्राप्त निमित्त प्रमुख प्रशासकीय अधिकृत समेतलाई जनाउनेछ।

(ट) “बोर्ड” भन्नाले ऐनको दफा ४ बमोजिम गठन गरिएको दुल्लू खानेपानी व्यवस्थापन बोर्डसम्झनु पर्दछ।

(ठ) “वडा समिति” दुल्लू नगरपालिकाको वडा समिति सम्झनु पर्दछ।

(ड) “समिति” भन्नाले ऐनको दफा ८ बमोजिम गठन गरिएको वडा खानेपानी व्यवस्थापन समिति सम्झनु पर्दछ।

३. **ऐनको पालना गर्नुपर्ने :** नगरपालिकामा गठन हुने खानेपानी व्यवस्थापन बोर्ड र सो अन्तर्गत गठन गरिने वडा खानेपानी व्यवस्थापन समिति, विभिन्न उप समिति, उपभोक्ता समिति, समूह र सवै उपभोक्ताहरुले यो ऐनको पूर्ण रुपमा पालना गर्नुपर्नेछ।

## परिच्छेद : २
## बोर्डको तथा समितिको गठन

४. **खानेपानी व्यवस्थापन बोर्डको गठन :** नगरपालिकाका विभिन्न क्षेत्रमा नियमित रुपले स्वच्छ खानेपानी तथा सरसफाई सुविधा उपलव्ध गराउन आवश्यक नीति तथा कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन गर्नको लागि दूल्लू खानेपानी व्यवस्थापन बोर्ड गठन गरिनेछ जसमा देहाय अनुसारका पदाधिकारी तथा सदस्यहरु रहनेछन् :

(क) नगरपालिका क्षेत्रभित्रका खानेपानी उपभोक्ताहरु मध्येवाट नगर कार्यपालिकाले मनोनित गरेको व्यक्ति : अध्यक्ष

(ख) नगरपालिकाका प्रत्येक वडा खानेपानी व्यवस्थापन समितिले सिफारिस गरेका १/१ जना गरी जम्मा १३ जना : *(तर यस ऐन बमोजिम वडा खानेपानी व्यवस्थापन समितिको गठन नभएको अवस्थामा पहिलो पटक बोर्डको गठन गर्दा वडा समितिले सिफारिस गरेका १/१ जना गरी जम्मा १३ जना)* सदस्य

(ग) नगर कार्यपालिकाले मनोनित गरेका कम्तिमा १ जना दलित, १ जना जनजाती र ३ जना महिला गरी जम्मा ५ जना : सदस्य

(घ) विज्ञता एवम् आवश्यकताका आभारमा बोर्डको वैठकले मनोनित गरेका २ जना : सदस्य

(ङ)बोर्डको वैठक बसी सदस्यहरु मध्येबाट समावेशी सिद्धान्तका आधारमा उपाध्यक्ष र कोषाध्यक्षको छनौट गर्नु पर्नेछ। यदि उल्लेखित पदहरु सर्वसम्मत छनौट हुन नसकेमा लोकतान्त्रिक विधिको अवलम्वन गरी छनौट गर्नु पर्नेछ।

(च) बोर्डका पदाधिकारीहरुको छनौट गर्दा कम्तिमा १ जना महिला अनिवार्य छनौट गर्नु पर्नेछ।

(छ) नगर कार्यपालिकाले नियुक्त गरेको यस ऐनको दफा दफा ३६ को उपदफा (२) बमोजिमको कार्यकारी निर्देशकले वोर्डको सचिवको कार्य गर्ने गर्नुपर्नेछ। कार्यकारी निर्देशकको नियुक्ति नहुन्जेलसम्मको लागि नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता शाखा प्रमुखले वोर्डको सचिवको रुपमा कार्य गर्नेछ।

५. **बोर्डका पदाधिकारी तथा सदस्यहरुको योग्यता :** दुल्लू खानेपानी व्यवस्थापन वोर्डको पदाधिकारी तथा सदस्यहरुको योग्यता देहाय बमोजिम हुनेछ :

(क) दुल्लू नगरपालिकाको स्थायी बासिन्दा भएको,

(ख) १८ वर्ष उमेर पुरा भएको,

(ग) कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(घ) जनप्रतिनिधि, कर्मचारी वा शिक्षकको रुपमा सेवामा बहाल नरहेको,

(ङ) वोर्डको अध्यक्षको हकमा कम्तिमा ७ वर्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको हकमा कम्तिमा ५ वर्ष र सदस्यहरुको हकमा कम्तिमा ३ वर्ष खानेपानी उपभोक्ता समिति वा सामाजिक क्षेत्रमा क्रियाशिल रहेको,

६. **बोर्ड स्वशासित संस्था हुने :** (१) बोर्ड अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठिन संस्था हुनेछ।

(२) बोर्डको काम कारबाहीको निमित्त अनुसूची १ बमोजिमको आफ्नो एउटा छुट्टै छाप हुनेछ। बोर्डको लोगो बोर्डको सिफारिसमा कार्यपालिकाले निर्धारण गरेको बमोजिमको हुनेछ।

(३) बोर्डले आफ्नो कार्यालयमा साईनवोर्ड राख्न र लेटरप्याड छापी प्रयोग गर्न सक्नेछ।

(४) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(५) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र बोर्ड उपर पनि सोहि नामबाट नालिस उजुर लाग्न सक्नेछ।

७. **वोर्डको भौगोलिक क्षेत्र :** ऐनको दफा ४ बमोजिम गठन भएको बोर्डको भौगोलिक क्षेत्र नगरपालिकाको सम्पूर्ण भौगोलिक क्षेत्र हुनेछ।

८. **वडा खानेपानी व्यवस्थापन समिति :** बोर्डको मातहतमा वडा स्तरमा वडा खानेपानी व्यवस्थापन समिति रहनेछ जसको गठन देहाय बमोजिम हुनेछ :

(क) वडाका खानेपानी उपभोक्ताहरु मध्येबाट वडा समितिले मनोनित गरेको व्यक्ति : अध्यक्ष

(ख) वडा खानेपानी व्यवस्थापन सभाबाट समावेशी सिद्धान्तको आधारमा छानिएका कम्तिमा २ जना महिला सहित ५ जना : *(यस ऐन बमोजिम वडा खानेपानी व्यवस्थापन सभाको गठन नभएको अवस्थामा पहिलो पटक समितिको गठन गर्दा वडा भित्रका दर्तावाला उपभोक्ता समितिका २/२ जना प्रतिनिधिहरुको वैठकले समावेशी सिद्धान्तको आधारमा सिफारिस गरेका कम्तिमा २ जना महिला सहित ५ जना)* सदस्य

(ग) वडा समितिले मनोनित गरेका २ जना : सदस्य

(घ) समितिको वैठकबाट आवश्यकता, विज्ञता, क्षेत्रीय संतुलन र समावेशिताको आधारमा समितिले मनोनित गरेको १ जना : सदस्य

(ङ)समितिको वैठक बसी सदस्यहरु मध्येबाट समावेशी सिद्धान्तका आधारमा उपाध्यक्ष, सचिव र कोषाध्यक्षको छनौट गर्नु पर्नेछ। यदि उल्लेखित पदहरु सर्वसम्मत छनौट हुन नसकेमा लोकतान्त्रिक विधिको अवलम्वन गरी छनौट गर्नु पर्नेछ।

(च) समितिका पदाधिकारीहरुको छनौट गर्दा कम्तिमा १ जना महिला अनिवार्य छनौट गर्नु पर्नेछ।

९. **समितिका पदाधिकारी तथा सदस्यको योग्यता :** वडा खानेपानी व्यवस्थापन समिति पदाधिकारी तथा सदस्यहरुको योग्यता देहाय बमोजिम हुनेछ :

(क) सम्वन्धित वडाको स्थायी बासिन्दा भएको,

(ख) १८ वर्ष उमेर पुरा भएको,

(ग) कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(घ) जनप्रतिनिधि, कर्मचारी वा शिक्षकको रुपमा सेवामा बहाल नरहेको,

(ङ) समितिको अध्यक्षको हकमा कम्तिमा ५ वर्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको हकमा कम्तिमा ३ वर्ष र सदस्यहरुको हकमा कम्तिमा २ वर्ष खानेपानी उपभोक्ता समिति वा सामाजिक क्षेत्रमा क्रियाशिल रहेको,

१०. **वडा खानेपानी व्यवस्थापन सभा :** (१) वडा खानेपानी व्यवस्थापन समितिको गठनको लागि कम्तीमा २ महिला सहित ५ जना सदस्यहरुको छनौट गर्न, खानेपानी सम्वन्धी भए गरेका कामको वार्षिक समीक्षा गरी आवश्यक योजना निर्माण गर्न तथा वोर्ड र वडा समितिले तोकेका अन्य काम गर्न वडा स्तरमा वडा खानेपानी व्यवस्थापन सभाको आयोजना गरिनेछ जसमा निम्नानुसार प्रतिनिधिहरु छनौट गरिनेछ :

(क) वडा भित्रका ३० घरधुरी सम्म उपभोक्ता रहेका खानेपानी उपभोक्ता समितिबाट २ जना प्रतिनिधि।

(ख) वडा भित्रका ३० देखि ७० घरधुरी सम्म उपभोक्ता रहेका खानेपानी उपभोक्ता समितिबाट ३ जना प्रतिनिधि।

(ख) वडा भित्रका ७० देखि १५० घरधुरी सम्म उपभोक्ता रहेका खानेपानी उपभोक्ता समितिबाट ४ जना प्रतिनिधि

(घ) वडा भित्रका १५० घरधुरी भन्दा बढी जति घरधुरी भएपनि थय २ जना

(२) नगरपालिकामा दर्ता भई बोर्डमा आवद्ध भएका उपभोक्ता समितिका प्रतिनिधिहरु मात्र सभामा सहभागी हुनेछन्।

(३) सभाका प्रतिनिधिहरु छनौट गर्दा हरेक उपभोक्ता समितिबाट कम्तीमा १ जना महिला र अन्य सहभागीहरु स्थानीय अवस्था अनुसार समावेशी सिद्धान्तको आधारमा गर्नुपर्नेछ।

(४) सभाको वैठक आयोजना कम्तीमा दुई वर्षको एक पटक गरिनेछ। तर आवश्यकता परेमा सो भन्दा अगावै वैठकको आयोजना गर्न फरक पर्ने छैन।

(५) सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन्। समिति गठन नभएको अवस्थामा वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधिको अध्यक्षतामा सभा सञ्चालन हुनेछ।

११. **उप समिति गठन गर्न सक्ने :** (१) बोर्डले आफूले गर्ने काम कारबाहीको लागि आवश्यकता अनुसार विभिन्न विषयसँग सम्वन्धित विशेषज्ञ, सेवा प्रदायक तथा उपभोक्ताको समेत संलग्नता रहने गरी विभिन्न उप समिति, कार्यदल, सरोकार समिति वा समूह गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार तथा उपसमितिका सदस्यले पाउने सेवासुविधा बोर्डको निर्णय बमोजिम हुनेछन्।

## परिच्छेद : ३

## काम, कर्तव्य र अधिकार

१२. **बोर्डको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिका भित्र खानेपानी तथा सरसफाई योजना र सेवा प्रणालीहरु निर्माण, सञ्चालन, विस्तार, सुधार तथा पुनर्स्थापना गर्ने गराउने,

(ख) आगामी आर्थिक वर्षको लागि खानेपानी सम्वन्धी नीति, योजना, आवश्यक वजेट तथा कार्ययोजना तर्जुमा गरी नगरपालिकामा पेश गर्ने,

(ग) खानेपानी तथा सरसफाईको क्षेत्रमा नगरपालिकाले तर्जुमा गरेका नीति, कार्यक्रम र वजेट कार्यान्वयन गर्ने गराउने,

(घ) खानेपानी तथा सरसफाई क्षेत्रको क्षेत्रगत अल्पकालिन तथा दीर्घकालिन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(ङ) खानेपानी तथा सरसफाई योजनाहरुको सञ्चालन र विस्तारको लागि आवश्यक आर्थिक श्रोतको पहिचान गर्ने, माग निवेदन गर्ने र कार्यान्वयन गर्ने,

(च) प्रचलित कानून बमोजिम सेवाको महसुल दर निर्धारण गरी कार्यान्वयन गर्ने गराउने,

(छ) खानेपानीको श्रोत, वितरण तथा सरसफाई सम्वन्धमा अध्ययन, अनुसन्धान तथा सर्भेक्षण गर्ने गराउने,

(ज) गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रवन्ध गर्ने,

(झ) नगरपालिका भित्रका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई बोर्डमा आवद्ध गर्ने,

(ञ) बोर्डका पदाधिकारीहरुको भौगोलिक वा विषयगत कार्यविभाजन गर्ने,

(ट) सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्ने, गराउने,

(ठ) सिप र क्षमता अभिवृद्धिमूलक तालिमहरु आयोजना गर्ने,

(ड) कुनै उपभोक्तालाई पिरमर्का पर्न गएमा सो उपर सुनुवाई गरी उपयुक्त उपचार दिने,

(ढ) समितिको काम, कर्तव्य र अधिकार तोक्ने तथा परिचालन गर्ने,

(ण) आवश्यक जनशक्ति व्यवस्था लगायत कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने।

१३. **वडा खानेपानी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** यस ऐन बमोजिम बोर्डको काममा सहयोग पुऱ्याउनु समितिको प्रमुख काम हुनेछ। यसका साथै समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडा भित्रको खानेपानी तथा सरसफाई योजना निर्माण, सञ्चालन, मर्मतसम्भार तथा सेवा विस्तारको योजना बनाई बोर्ड समक्ष पेश गर्ने तथा सोहि बमोजिम कार्यान्वयन गर्ने गराउने,

(ख) वडा, गाँउ र टोललाई पूर्ण सरसफाईयुक्त बनाउन विभिन्न कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने,

(ग) उपभोक्ता समितिको दर्ता, गठन, तथा पूनर्गठन प्रचलित कानून तथा विधान बमोजिम गर्न गराउन आवश्यक सहजिकरण गर्ने,

(घ) वडा भित्र आगामी वर्ष सञ्चालन गरिने योजना तथा कार्यक्रम तयार गरी वडा समिति तथा बोर्ड समक्ष पेश गर्ने,

(ङ) यस ऐन बमोजिम गर्नुपर्ने तथा बोर्ड र वडा समितिले तोकेका अन्य कार्यहरु गर्ने,

१४. **बोर्डका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :** बोर्डका पदाधिकारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(१) अध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) बोर्डको वैठकको अध्यक्षता गर्ने,

(ख) बोर्डको अध्यक्षको रुपमा नेतृत्व गर्ने र परिचालन गर्ने,

(ग) बोर्डको वैठक आयोजना गर्न सचिवलाई निर्देशन दिने,

(घ) बोर्डका पदाधिकारी तथा सदस्यहरुको कामको मूल्यांकन गर्ने र आवश्यक निर्देशन दिने,

(ङ) सचिवसँगको परामर्शमा वैठकका एजेण्डा तय गर्ने र निर्णय प्रमाणित गर्ने,

(च) तोकिएका अन्य कार्यहरु गर्ने ।

**(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) वैठकमा सहभागी भई आफ्नो राय दिने,

(ख) अध्यक्षको काममा सहयोग पुऱ्याउने,

(ग) अध्यक्षको अनुपस्थितीमा अध्यक्षको काम गर्ने,

(घ) तोकिएका अन्य कार्यहरु गर्ने ।

**(३) सचिवको काम, कर्तव्य र अधिकार**

(क) अध्यक्षसँगको परामर्शमा वैठकका एजेण्डा तय गर्ने र वैठक वोलाउने,

(ख) बोर्डको अभिलेख राख्ने तथा वैठकको माइन्यूट तयार गर्ने,

(ग) कार्यपालिकामा चौमासिक प्रगति प्रतिवेदन पेश गर्ने,

(घ) बोर्डले तोकेको जिम्मेवारी पुरा गर्ने,

(ङ) तोकिएका अन्य कार्यहरु गर्ने ।

**(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) वैठकमा सहभागी भई आफ्नो राय दिने,

(ख) बोर्डको आर्थिक हरहिसाव प्रतिवेदन तयार गर्ने

(ग) बोर्डको लागि आर्थिक श्रोतको पहिचान गर्ने,

(घ) तोकिएका अन्य कार्यहरु गर्ने ।

**(५) सदस्यको काम, कर्तव्य र अधिकार**

(क) वैठकमा सहभागी भई आफ्नो राय दिने,

(ख) तोकिएको कार्यक्षेत्रको काम गर्ने र प्रतिवेदन दिने,

(ग) तोकिएका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद : ४

## वैठक, पदावधि, पद रिक्तता र पदपूर्ति

१५. **वोर्डको वैठक सम्वन्धी व्यवस्था :** (१) बोर्डको नियमित वैठक दुई महिनामा एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ । तर यस प्रावधानले आवश्यकता परेमा दुई महिना अगावै वैठक वस्न अवरोध सिर्जना गरेको मानिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डका कम्तीमा पच्चीस प्रतिसत सदस्यले बोर्डको वैठक वोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध प्राप्त भएको मितिले सात दिन भित्र बोर्डको वैठक बोलाउनु पर्नेछ।

(३) एक वैठकदेखि अर्को वैठकको अवधि साठी दिन भन्दा वढी हुनेछैन ।

(४) बोर्डका कुल सदस्य संख्याको पचास प्रतिसत भन्दा बढी सदस्य उपस्थित भएमा बोर्डको वैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ।

(५) बोर्डको वैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा वैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ भने अध्यक्ष र उपाध्यक्ष दुवै जनाको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ।

(६) बोर्डको वैठकमा वहुमतको राय मान्य हुनेछ तर मत वरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) बोर्डको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(८) वैठक सञ्चालनको लागि आवश्यक कार्यविधि वोर्ड आफैले बनाउन सक्नेछ।

(९) वैठका निर्णयहरु कार्यान्वयनको लागि आवश्यक पत्राचार, जानकारी, सम्पर्क र समन्वय गर्ने जिम्मेवारी सचिवको हुनेछ।

१६. **वडा खानेपानी व्यवस्थापन समितिको वैठक सम्वन्धि व्यवस्था :** (१) समितिको नियमित वैठक तिन महिनामा एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ। तर यस प्रावधानले आवश्यकता परेमा तिन महिना अगावै वैठक वस्न अवरोध सिर्जना गरेको मानिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डका कम्तीमा पच्चीस प्रतिसत सदस्यले समितिले वैठक वोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध प्राप्त भएको मितिले सात दिन भित्र समितिको वैठक बोलाउनु पर्नेछ।

(३) एक वैठकदेखि अर्को वैठकको अवधि नव्वे दिन भन्दा वढी हुनेछैन।

(४) समितिका कुल सदस्य संख्याको पचास प्रतिसत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको वैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ।

(५) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा वैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ भने अध्यक्ष र उपाध्यक्ष दुवै जनाको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ तर मत वरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(८) वैठक सञ्चालनको लागि आवश्यक कार्यविधि वोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

(९) वैठका निर्णयहरु कार्यान्वयनको लागि आवश्यक पत्राचार, जानकारी, सम्पर्क र समन्वय गर्ने जिम्मेवारी सचिवको हुनेछ।

१७. **काम कारवही अमान्य नहुने :** बोर्ड तथा समितिको कुनै सदस्यको पद रिक्त रहेको कारणले मात्र बोर्ड तथा समितिको कुनै कारवाही अमान्य हुने छैन।

१८. **पदावधि :** बोर्डका पदाधिकारी तथा सदस्यहरुको पदावधि नियुक्त भएको मितिले तिन वर्षको रहनेछ भने वडा खानेपानी व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

१९. **राजीनामा :** (१) वडा खानेपानी व्यवस्थापन समितिका पदाधिकारी एवम् सदस्यहरु र बोर्डका अन्य पदाधिकारी तथा सदस्यहरुले अध्यक्ष समक्ष तथा अध्यक्षले नगर प्रमुख समक्ष राजीनामा पेश गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम पेश भएको राजीनामाको हकमा अध्यक्षको राजीनामा नगर कार्यपालिकाको वैठकले तथा वडा खानेपानी व्यवस्थापन समितिका पदाधिकारी एवम् सदस्यहरु र बोर्डका अन्य पदाधिकारी तथा सदस्यहरुको राजीनामा बोर्डको वैठकले स्वीकृत गर्नेछ।

२०. **पद रिक्तता :** देहायको अवस्थामा बोर्ड तथा समितिका कुनै पदाधिकारी वा सदस्यहरुको पद रिक्त हुनेछ :

(क) ऐनको दफा १९ को उपदफा (२) बमोजिम निजको राजीनामा स्वीकृत भएमा,

(ख) मृत्यू भएमा,

(ग) निजको पदावधि समाप्त भएमा,

(घ) पदमा वहाल रहेको अवस्थामा कुनै फौजदारी अभियोग लागि अदालतबाट प्रमाणित भएमा,

(ङ) ऐनको दफा ५ र ९ बमोजिमको योग्यता पुरा नभएको ठहर भई कार्यपालिकाबाट पद मुक्त भएमा,

(च) छ महिनाभन्दा बढी तोकिएको कार्यक्षेत्रमा नरहेको वा बिना जानकारी लगातार तीन वटा भन्दा वढी वैठकमा अनुपस्थित भई जिम्मेवारी पुरा नगरेको वा बोर्ड/समितिको गोपनीयता भंग गरेको प्रमाणित भई कार्यपालिकाबाट पदमुक्त भएमा । तर यसरी पदमुक्त गर्दा निजलाई सफाईको मौका दिनबाट वञ्चित गरिनेछैन।

२१. **पदपूर्ति :** बोर्ड वा समितिको पदावधि ६ महिना भन्दा बढी वाँकी रहेको अवस्थामा कुनै पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा निज जुन प्रक्रियाबाट नियुक्त भएको हो सोहि प्रक्रिया वा क्षेत्रबाट वाँकी अवधिको लागि बोर्ड/समितिमा नियुक्त गरिनेछ।

## परिच्छेद : ५

## वोर्डको विशेषाधिकार

२२. **ऋण वा सहयोग लिन सक्ने :** बोर्डले आवश्यकता अनुसार नेपालभित्रको कुनै बैंक वा वित्तीय संस्था वा अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्न सक्नेछ।

तर अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्नु अघि बोर्डले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

२३. **लगानी गर्न सक्ने :** बोर्डले दफा **२९** बमोजिमको कोषमा रहेको रकम उपभोक्ताको हितलाई ध्यानमा राखी लगानी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने लगानीको क्षेत्र तथा शर्त तोकिएबमोजिम हुनेछन्।

२४. **घर जग्गामा प्रवेश गर्न सक्ने :** बोर्डको कुनै कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै उपभोक्ताको घर जग्गामा प्रवेश गर्नु पर्ने भएमा सोको कारणसहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिई त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ।

तर कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार उपयोग गरिरहेको छ भन्ने शंका गर्नु पर्ने मनासिब आधार र कारण भएमा त्यस्तो घर जग्गामा प्रवेश गर्न जानकारी दिइरहनु पर्ने छैन।

२५. **निजी तथा सार्वजनिक घर जग्गामा पाईप विच्छ्याउन सक्ने :** बोर्डले उपभोक्तालाई खानेपानी वा सरसफाई सेवा उपलब्ध गराउने प्रयोजनको लागि निजी वा सार्वजनिक घर जग्गामा पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पाइप बिछ्याउँदा वा सोसँग सम्बन्धित अन्य संचरना बनाउँदा कुनै व्यक्तिको निजी घर जग्गामा कुनै किसिमले हानि नोक्सानी पर्न गएमा बोर्डले सोबापत सम्बन्धित घर जग्गाधनीलाई मनासिब क्षतिपूर्ति दिनु पर्नेछ।

२६. **सेवा शुल्क लिने :** बोर्डले प्रचलित कानून बमोजिम सेवाको महसुल दर निर्धारण गरी सेवा उपयोग गरिरहेका उपभोक्ताहरुवाट सेवा शुल्क लिनेछ।

२७. **अतिरिक्त दस्तुर लगाउने :** उपभोक्ताले सेवा उपयोग गरेबापत तिर्नु पर्ने महसुल निर्धारित समयभित्र नतिरेमा वा उपभोक्तालाई नियमित सेवाभन्दा थप सेवा उपलब्ध गराइएकोमा त्यस्तो उपभोक्ताबाट बोर्डले तोकिएबमोजिम अतिरिक्त दस्तुर असूलउपर गर्न सक्नेछ।

२८. **सेवा निलम्वन र अन्त्य गर्न सक्ने :** (१) यस ऐन वा प्रचलित कानूनबमोजिम निर्धारित महसुल नबुझाउने वा तोकिएको समयमा महसुल नबुझाउने उपभोक्ताको सेवा बोर्डले निलम्बन वा अन्त्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा अन्त्य भएकोमा उपभोक्ताले बोर्डलाई बुझाउनु पर्ने महसुल तथा अन्य दस्तुर बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ।

## परिच्छेद : ६

## वोर्डको कोष र लेखापरीक्षण

२९. **वोर्डको कोष :** (१) बोर्डको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :

(क) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाबाट प्राप्त रकम,

(ख) कुनै बैंक वा वित्तीय संस्था वा अन्तर्राष्ट्रिय संघ वा संस्था वा गैर सरकारी संस्थाबाट प्राप्त ऋण सहयोग वा अनुदान सहयोग, वा साझेदारी वापतको रकम,

(ग) उपभोक्ताले महसुल, विलम्व शुल्क, दण्ड जरिमाना आदि वापत बुझाएको रकम,

(घ) अन्य सेवा प्रणाली उपयोग कर्ताले बुझाएको रकम,

(ङ) उपभोक्ता समितिले तिरेको आवद्धता र नवीकरण शुल्क,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(३) बोर्डको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) न्यूनत्तम शुल्क व्यवस्थापनका लागि प्रचलित आर्थिक ऐन, नियम बमोजिम गरिनेछ।

३०. **खाता सञ्चालन :** (१) बोर्डको कोषमा रहने रकम नेपालभित्रको कुनै बैंक वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ। त्यस्तो खाता वोर्डको अध्यक्ष र कार्यकारी निर्देशकको नाममा संयुक्तरुपमा खोली सञ्चालन गर्न सकिनेछ।

३१. **वोर्डको लेखा र लेखापरीक्षण :** (१) बोर्डको आय-व्ययको लेखा प्रचलित कानूनबमोजिम राखिनेछ।

(२) बोर्डले तोकिएबमोजिम आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण गर्नु गराउनु पर्नेछ।

(३) बोर्डको आय-व्ययको लेखापरीक्षण बोर्डले नियुक्त गरेको ईजाजतपत्र प्राप्त लेखापरीक्षकबाट हुनेछ।

(४) नगरपालिकाले चाहेको जुनसुकै बखतमा बोर्डको लेखा तथा सोसँग सम्बन्धित कागजात जाँच्न वा जँचाउन सक्नेछ।

## परिच्छेद : ७

## कार्यक्रम कार्यान्वयन र व्यवस्थापन

३२. **कार्यक्रम छनौट :** बोर्डबाट कार्यान्वयन गरिने कार्यक्रम वा आयोजना नगरसभाबाट स्वीकृत भएको हुनुपर्नेछ। नगरसभाले स्वीकृत गरेको नभएमा नगर कार्यपालिकाले निर्णय गरेको हुनुपर्नेछ । तर यस प्रावधानले सानातिना योजना, मर्मतसम्भार, सेवा विस्तार र अन्य भैपरी आउने काम गर्न रोक लगाएको मानिनेछैन।

३३. **कार्यक्रम कार्यान्वयन :** (१) बोर्डले कार्यक्रम कार्यान्वयन गर्दा आफैले वा उपभोक्ता समितिमार्फत् वा अन्य संघ, संस्था वा समूहलाई जिम्मा दिएर पनि गर्न सक्नेछ।

(२) बोर्डले कार्यान्वयन गर्ने कार्यक्रम कुनै सरकारी वा गैरसरकारी वा निजी क्षेत्रसँग साझेदारी कार्यक्रमको रुपमा पनि सञ्चालन गर्न सक्नेछ। यसरी गरिने साझेदारी नगरपालिकाको साझेदारी सम्वन्धी प्रचलित कानून बमोजिम हुनुपर्नेछ।

(३) बोर्डले सञ्चालन गर्ने कार्यक्रमहरुको लागि आवश्यकता अनुसार परामर्शदाता, स्रोत व्यक्ति वा विज्ञको परिचालन गर्न सक्नेछ।

३४. **जग्गा प्राप्ति :** बोर्डलाई देहायको प्रयोजनको लागि नगरपालिकाले प्रचलित कानून बमोजिम आवश्यक जग्गा प्राप्त गरी दिन सक्नेछ :

(क) जल भण्डार (रिजरभ्वायर) निर्माण गर्न,

(ख) खानेपानी तथा ढल निकास सम्बन्धी कुनै संरचनाको निर्माण गर्न,

(ग) बोर्डको उद्देश्य पूर्तिका लागि आवश्यक अन्य काम गर्न।

३५. **कार्यालय :** वोर्डको कार्यालय नगर कार्यपालिकाले तोकेको स्थानमा रहनेछ। वोर्डको छुट्टै कार्यालय स्थापना नहुन्जेलसम्मको लागि नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता शाखाले वोर्डको सचिवालयको कार्य गर्नेछ।

३६. **कर्मचारी सम्वन्धी व्यवस्था :** (१) बोर्डमा कार्यकारी निर्देशक लागायत आवश्यक संख्यामा अन्य कर्मचारीहरु रहनेछन्।

(२) कार्यकारी निर्देशकले वोर्डको प्रशासकीय प्रमुख (कार्यालय प्रमुख)को रुपमा कार्य गर्नेछन्।

(३) कार्यकारी निर्देशकको नियुक्ति नगर कार्यपालिकाले गर्नेछ । यस ऐन बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नहुन्जेलसम्म नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता शाखा प्रमुखलाई कार्यपालिकाले कार्यकारी निर्देशकको जिम्मेवारी दिनुपर्नेछ । कार्यकारी निर्देशकको योग्यता, नियुक्ति प्रक्रिया, पारिश्रमिक काम, कर्तव्य र अधिकार, सुविधा तथा सेवाका अन्य शर्तहरु कार्यपालिकाले तोकेबमोजिम हुनेछ

(४) उपदफा (१) बमोजिमका अन्य कर्मचारीहरु नगरपालिकासँगको परामर्शमा बोर्डले भर्ना गर्न वा नगरपालिकाले खटाउन सक्नेछ।

(३) यस दफा बमोजिमका अन्य कर्मचारीहरुको संख्या, नियुक्ति, पारिश्रमिक, काम, कर्तव्य र अधिकार, सुविधा तथा सेवाका अन्य शर्तहरु तोकिएबमोजिम हुनेछ।

३७. **अनुगमन तथा मूल्यांकन :** बोर्डको कामको अनुगमन र मूल्यांकन नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले गर्नेछ। अनुगमन तथा सुपरीवेक्षण समितिको काममा सहयोग गर्नु बोर्डको कर्तव्य हुनेछ।

३८. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने :** (१) बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र देहायका कुराहरुसमेत समावेश गरी नगरपालिका समक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ :

(क) बोर्डको आम्दानी र खर्चको विवरण,

(ख) आफूले वर्षभरी सम्पादन गरेको कामको विवरण र सोको लागि लागेको प्रशासकीय खर्च,

(घ) तोकिएबमोजिमका अन्य विवरण।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन बोर्डले प्रत्येक वर्ष सार्वजनिक गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन नगरपालिकाले नगरसभा समक्ष पेश गरी नगर सभामा छलफल गराउनु पर्नेछ

३९. **सेवा सुविधा :** बोर्डका पदाधिकारी तथा सदस्यहरुको लागि कुनै किसिमको तलबभत्ता उपलब्ध गराइनेछैन। तर स्वीकृत वार्षिक सञ्चालन बजेटको सीमाभित्र रही प्रचलित नियमानुसार बैठक भत्ता, सञ्चार र यातायात खर्च उपलब्ध गराउन सकिनेछ।

४०. **कसुर तथा सजाय :** (१) कसैले यो ऐन वा यसअन्तर्गत बनेको नियम प्रतिकूल कुनै काम गरी देहायको कसूर गरेमा बोर्डले त्यस्तो व्यक्तिलाई देहायबमोजिम सजाय गर्न सक्नेछ :

(क) सेवासँग सम्बन्धित कुनै संरचना, जडान वा पूर्वाधार भत्काए वा बिगारेमा वा अन्य कुनै प्रकारले क्षति पुर्‍याएमा क्षतिको मुल्यांकन गरी नोक्सानी भराई बढीमा पचास हजार रुपैयाँसम्म जरिवाना,

(ख) खानेपानीलाई प्रदूषित गराई सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर पुर्‍याएकोमा कसूरको मात्रा हेरी बढीमा पच्चीस हजार रुपैयाँसम्म जरिवाना,

(ग) सेवाको अनाधिकार प्रयोग वा दुरुपयोग गरेमा बढीमा पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गरी सेवा बन्द गर्न,

(घ) सेवा मापकयन्त्र वा अन्य त्यस्तै उपकरण बिगारे वा सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध पुर्‍याएमा बढीमा दश हजार रुपैयाँसम्म जरिवाना,

(ङ) सेवा प्रणालीमा जडित पाइप लाइन चोरी गरेमा, बिगारेमा, भत्काएमा वा नष्ट गरेमा सो कामबाट पुग्न गएको क्षतिको विगो भराई बढीमा बिगो बमोजिम जरिवाना गर्न तथा त्यस्तो कार्य गर्ने व्यक्ति उपभोक्ता भए त्यस्ता उपभोक्ताको सेवा छ महिनासम्म बन्द वा निलम्वन गर्न,

(२) उपदफा (१) बमोजिम कसूरको छानविन गरी सजायँ गर्न बोर्डले नगरपालिका, न्यायिक समिति, नगर प्रहरी, नेपाल प्रहरी, स्थानीय प्रशासन वा अन्य न्यायिक निकायको सहयोग लिन सक्नेछ।

४१. **पुनरावेदन :** बोर्डले ऐनको दफा ४० को उपदफा (१) बमोजिम गर्ने दण्ड, जरिवाना वा सजाय उपर चित्त नबुझेमा न्यायिक समितिमा र न्यायिक समितिको निर्णय चित्त नबुझेमा चित्त नबुझाउने पक्ष सम्बन्धित अदालतमा पुनरावेदनको लागि जान सक्नेछ र अदालतको निर्णय अन्तिम हुनेछ।

४२. **सरकारी वाँकी सरह असुल उपर गर्ने :** यस ऐन बमोजिम लगाइएको महसुल, सेवा, शुल्क, अतिरिक्त शुल्क तथा दफा ४० बमोजिम बोर्डले गरेको जरिवानाको रकम नबुझाउने व्यक्तिबाट बोर्डले त्यस्तो महसुल, सेवा, शुल्क, अतिरिक्त शुल्क तथा जरीवानाको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ।

## परिच्छेद : ८
## विविध

४३. **वोर्डमा आवद्ध हुनुपर्ने :** (१) बोर्डबाट खानेपानी तथा सरसफाई योजनाहरुको सुधार, विस्तार, सञ्चालन, मर्मतसम्भार वा नयाँ निर्माणको लागि आवश्यक बजेट तथा कार्यक्रम प्राप्त गर्न तथा बोर्ड, समिति वा वडा खानेपानी तथा सरसफाई सभामा प्रतिनिधित्व गर्नको लागि हरेक उपभोक्ता समितिहरु अनिवार्य रुपमा बोर्डमा आवद्ध हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम बोर्डमा आबद्ध हुने उपभोक्ता समितिहरुले बोर्डले निर्धारण गरेबमोजिमको आवद्धता शुल्क र वार्षिक नवीकरण शुल्क बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वोर्डमा आवद्ध हुनको लागि उपभोक्ता समितिहरु नगरपालिकामा प्रचलित कानून बमोजिम दर्ता भएको हुनुपर्नेछ।

४४. **निर्देशन दिन सक्ने :** सेवाको गुणस्तर कायम गर्ने, वातावरण संरक्षण गर्ने तथा खानेपानी तथा सरसफाईको गुणस्तर कायम राख्ने सम्बन्धमा नगरपालिकाले बोर्डलाई आवश्यक निर्देशन दिनसक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु बोर्डको कर्तव्य हुनेछ।

४५. **सहयोग र समन्वयमा काम गर्नुपर्ने :** (१) नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता शाखा बोर्डको सम्पर्क शाखा हुनेछ।

(२) बोर्डले नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता शाखासँगको समन्वयमा काम गर्नुपर्नेछ।

(३) बोर्डको काममा सहयोग र समन्वय गर्नु खानेपानी, सरसफाई तथा स्वच्छता शाखाको कर्तव्य हुनेछ।

(४) यस ऐनबमोजिम बोर्ड तथा समितिले गर्ने काममा कार्यपालिका, वडासमिति र नगरपालिका भित्र रहेका कार्यालयहरुले आवश्यक सहयोग र समन्वय गर्नुपर्नेछ।

४६. **वोर्डका सदस्य तथा कर्मचारी उपर प्रतिवन्ध :** बोर्डका तथा समितिका पदाधिकारी एवम् सदस्यहरु र बोर्डका कर्मचारीहरु बोर्डसँगको ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हिस्सेदार हुन पाउने छैनन्।

४७. **अधिकार प्रत्यायोजन :** (१) बोर्डले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार अध्यक्ष, समितिका कुनै सदस्य वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) अध्यक्षले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार बोर्डको कुनै कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

४८. **सपथग्रहण गर्नुपर्ने :** बोर्डका सवै पदाधिकारी तथा सदस्यहरुले नगर प्रमुख समक्ष तथा समितिका पदाधिकारी तथा सदस्यहरुले बोर्डका अध्यक्ष समक्ष पद तथा गोपनियताको सपथग्रहण गर्नुपर्नेछ। सपथको ढाँचा अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ।

४९. **प्रमाणपत्र सम्वन्धी व्यवस्था :** बोर्ड तथा समितिका सवै पदाधिकारी तथा सदस्यहरुलाई नगरपालिकाको तर्फबाट अनुसूची ३ बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गरिनेछ।

५०. **प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा उल्लेख भएको विषयमा यसै ऐन बमोजिम र यसमा उल्लेख नभएको विषयमा नेपाल सरकार, कर्णाली प्रदेश सरकार तथा नगरपालिकाको प्रचलित कानून बमोजिम हुनेछ।

५१. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाईलागु गर्न सक्नेछ।

५२. **विनियम तथा निर्देशिका बनाउने अधिकार :** बोर्डले ऐनको अधिनमा रही आफ्नो आन्तरिक काम कारवाही सुव्यवस्थित गर्नको लागि नगर कार्यपालिकाको स्वीकृति लिई आवश्यक विनियम तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

५३. **संशोधन :** नगरसभाले यस ऐनको कुनै परिच्छेद वा दफा वा उपदफा वा कुनै अंशमा थपघट, हेरफेर वा संशोधन गर्नसक्नेछ।

५४. **वाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्ने :** नगर कार्यपालिकाले यस ऐनको कार्यान्वयनको क्रममा थप व्याख्या गर्न वा बाधा अड्काउ फुकाउन सक्नेछ।

५५. **विघटन :** नगरपालिकाले बोर्डको आवश्यकता महशुस नगरेमा वा वोर्डले तोकिएको काम सम्पन्न गरी थप कामको आवश्यकता नभएमा नगरसभाको निर्णयमा वोर्ड विघटन हुन सक्नेछ।

५६. **बचाऊ :** यस ऐनको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित कानुनबमोजिम यसअघि भएका कार्यहरु यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

अनुसूची : १

(दफा ६ को उपदफा (२) सँग सम्वन्धित)

## बोर्डको छाप

**नाम :** दुल्लू खानेपानी व्यवस्थापन बोर्ड, दुल्लू नगरपालिका, दुल्लू दैलेख, कर्णाली प्रदेश नेपाल

**स्थापना :** २०७९

**लागो :** दुल्लू खानेपानी व्यवस्थापन बोर्डको वैठकको सिफारिसमा नगर कार्यपालिका वैठकले अनुमोदन गरे बमोजिम हुनेछ।

अनुसूची : २

(दफा ४८ सँग सम्वन्धित)

## बोर्ड तथा समितिका पदाधिकारी तथा सदस्यहरुले लिने सपथको ढाँचा

म... ... ... ... ... ... ...सत्य निष्ठापूर्वक यो शपथ लिन्छु कि दुल्लू खानेपानी व्यवस्थापन बोर्ड (गठन, संचालन तथा व्यवस्थापन) ऐन, २०७९ बमोजिम गठित बोर्ड/समितिको ..................पदको हैसियतले मलाई सुम्पिएको जिम्मेवारी र कर्तव्य पालन कसैको डर, त्रास, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी निष्पक्ष तथा इमान्दारीपूर्वक गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारी हुन आएको गोप्य कुरा प्रचलित कानूनको पालनाको सिलसिलामा बाहेक कुनै अवस्थामा कसैलाई कुनै पनि माध्यमबाट आफू पदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा प्रकट गर्ने छैन।

नाम :–........................

पद.............................

मिति :–.......................

दस्तखत : ....................

अनुसूची : ३

(दफा ४९ सँग सम्वन्धित)

## बोर्ड तथा समितिका पदाधिकारी तथा सदस्यहरुलाई प्रदान गरिने प्रमाण–पत्रको ढाँचा

## दुल्लू नगरपालिका

## दुल्लू, दैलेख

दुल्लू नगरपालिकाको दुल्लू खानेपानी व्यवस्थापन बोर्ड (गठन, संचालन तथा व्यवस्थापन) ऐन, २०७९ बमोजिम नगर कार्यपालिका/.... नं. वडा समितिको मिति ....................सम्पन्न बैठकको निर्णय अनुसार दुल्लू नगरपालिका वडा नं.........निवासी तपाइ श्री........................(ना.प्र.नं......) लाई दुल्लू खानेपानी व्यवस्थापन बोर्ड/दुल्लू नगरपालिका वडा नं....... को वडा खानेपानी व्यवस्थापन समितिको .............................पदमा नियुक्त गरिएको छ । कुशलता पूर्वक जिम्मेवारी सम्पादन गर्नु हुनेछ भन्ने विश्वास सहित तपाइलाई हार्दिक बधाइ तथा सफल कार्यकालको शुभकामना ।

| | |
|---|---|
| हस्ताक्षर................. | हस्ताक्षर.............. |
| नाम................ | नाम................... |
| प्रमुख प्रसासकिय अधिकृत | नगर प्रमुख |

मिति .......................



आज्ञाले

ज्ञानमणि नेपाल

प्रमुख प्रशासकीय अधिकृत